**समूह – ३ (रिट)**

**त्रिभुवन विश्वविद्यालय कानून संकाय नेपाल ल क्याम्पस स्नातक तह (२०७५/०७६ समूह) दोस्रो अन्तर्गत Moot Court, Pre-Trial Preparation and Participation in Trial विषयका लागि मस्यौदा तर्फ प्रस्तावित रिट मुद्दाको विवरणः**

**जिल्ला नुवाकोट, विदुर नगरपालिका वडा नं. ५ बस्ने जगत नगरकोटी ................१ निवेदक**

**विरुद्ध**

**कारागार कार्यालय, नुवाकोट समेत ..........................................................१ प्रत्यर्थी**

**मुद्दाः उत्प्रेषण**

१. म निवेदकलाई २०७८।२।१५ मा पक्राउ गरी प्रतिवादी बनाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ को दफा २२० को कसूरमा सोही दफाको उपदफा २२०(ग) बमोजिम तीन वर्ष देखि ६ वर्षसम्म कैद गरी जरिवाना समेत गरिपाऊँ भनी २०७८।३।६ गते सरकारी वकील कार्यालय, नुवाकोटले नुवाकोट जिल्ला अदालतमा अभियोग पत्र दायर गर्दा पुर्पक्षका लागि मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न कारागार शाखा नुवाकोट पठाईदिने गरी आदेश भए बमोजिम २०७८।६।४ देखि २०७८ साल मंसिरसम्म नुवाकोट कारागारमा राखियो । सो कारागारमा हुँदासम्म पेशीको सूचना प्राप्त भईरहेको थियो । विपक्षी कारागार कार्यालयले मलाई कुनै जानकारी नदिइ काठमाडौं भद्रवन्दी गृहमा चलान गर्‍यो, हालसम्म म सोही कारागारमा छु र मुद्दा पनि विचाराधीन अवस्थामा छ । मलाई पेशीको जानकारी छैन । मलाई थाहा जानकारी नदिई उक्त मुद्दा २०७८।९।३ मा पेशीमा चढेछ । सो अगाडि मेरो उपस्थिति र प्रतिनिधित्व विना नै अनेक प्रमाणहरू बुझ्ने र जाँच गर्ने आदेश भएछ । सो आदेशबमोजिम मौकामा बुझिएका मानिसहरूलाई झिकाई बकपत्र गर्नका लागि २०७८।९।२६ को तारेख तोकिएछ । सो वारे मलाई कुनै जानकारी नदिई मैले सोधपुछ र प्रमाण परीक्षणमा सहभागी हुन पाउने न्यायको आधारभूत, सारवान तथा कार्यविधिगत अधिकारमा अतिक्रमण गरी विपक्षी नुवाकोट जिल्ला अदालतले २०७८।९।२६ का दिन वकपत्र गराउने काम सम्पन्न गरेछ । उल्लिखित अभियोग दावी भएको मुद्दामा म उपरको अभियोग प्रमाणित भइसकेको छैन र म पुर्पक्षको अवस्थामा नै छु । यस्तो अवस्थामा मलाई नेपालको संविधानको धारा २० को उपधाराहरु (२), (८), (९) र १०, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८१, ८२, ८३,, ८४, ८५ र ८६, कारागार ऐन, २०१९ को दफा १५, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय

अनुवन्ध, १९६६ को धारा १४(३) ले निर्दोष मानी व्यवहार गरिने, विरुद्धमा गरिएका कारवाहीको जानकारी पाउने, स्वच्छ सुनुवाई गरिने, आफू विरुद्धका साक्षीको परीक्षण गराउने, जिरह गर्न पाउने लगायतका न्यूनतम अधिकार र ग्यारेन्टी प्रदान गरेको छ । नुवाकोट जिल्ला अदालतले ती प्रावधानको विपरीत म उपर लगाइएको अभियोगको साक्षी परीक्षणको काम मेरो अनुपस्थितिमा गरेको र त्यस्तो कार्य बदर गराई पाउन अन्य बैकल्पिक उपचारको बाटो नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ । साथै मुद्दाको बाँकी कारवाही पनि मलाई जानकारी नदिई जिरह गर्ने मौका प्रदान नगरी सम्पन्न गर्ने संभावना भएकोले त्यस्तो अवसरबाट बन्चित नगर्नु भनी नुवाकोट जिल्ला अदालतका नाममा परमादेशको आदेश समेत जारी गरिपाऊँ । साथै मुद्दा सुनुवाई हुँदा अदालतमा उपस्थित गराउनु र स्थानान्तरण नगर्नू भन्ने कारागार शाखा भद्रवन्दी गृहका नाममा परमादेश जारी गरिपाऊँ । मानव अधिकारको संरक्षणको जिम्मेवारी पाएको विपक्षी राष्ट्रिय मानव अधिकार आयोगले मेरो मानव अधिकार हननका विषयमा अनुगमन निरीक्षण नगरेकाले अनुगमन निरीक्षण गरी मानव अधिकारको संरक्षण गर्नु गराउनु भन्ने परमादेशको आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदकको मिति २०६८।१२।२१ को रिट निवेदन ।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पठाउनु भनी विपक्षी कारागार शाखा तथा कारागार व्यवस्थापन विभागलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनु । लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु । विपक्षी मध्येका नुवाकोट जिल्ला अदालत, गृह मन्त्रालय र राष्ट्रिय मानव अधिकार आयोगले गरे विराएको निवेदन लेखबाट नदेखिँदा निजहरूका नाममा सूचना जारी गरिरहन परेन भन्ने यस अदालतबाट मिति २०६८।१२।२४ मा भएको आदेश ।

३.न्यायिक तथा अर्धन्यायिक निकायबाट थुनामा राख्न पठाएका कैदी तथा बन्दीहरूलाई सम्बन्धित न्यायिक वा अर्धन्यायिक निकायले तोकेको कारागार वाहेक अन्यत्र सामान्यतया स्थानान्तरण गरिँदैन । थुनुवाले नै पायक पर्ने गरी निवेदन माग गरेमा, उपचार गराउनु पर्ने अवस्था भएमा, शान्ति सुरक्षाको दृष्टिकोणले स्थानान्तरण नगरी नहुने भएमा कारागार प्रमुख र प्र. जि.अ को सिफारिशमा यस विभागबाट स्थानान्तरण गर्नका लागि स्वीकृति दिइन्छ । अदालतले उपस्थित हुन जनाउ दिएमा उपस्थित गराइने गरिन्छ । निवेदन माग दावी तथ्यमा आधारित नभएको हुँदा खारेज गरिपाऊँ भन्ने कारागार व्यवस्थापन विभागको लिखित जवाफ ।

४.निवेदक जगत नगरकोटीलाई नुवाकोट जिल्ला अदालतको २०७८।३।६ को आदेश र मिति २०७८।३।७ को च.नं. १०१५ को पत्रका आधारमा यस कारागारमा थुनामा राखिएकोमा निजको मस्तिस्क सम्बन्धी रोगको उपचार गर्न काठमाडौं लानुपर्ने भन्ने डाक्टरको रीफर र सिफारिशका आधारमा नुवाकोट जिल्ला अदालतको स्वीकृति लिई कारागार व्यवस्थापन विभागको आदेशले २०७८।८।२६ मा काठमाडौं स्थानान्तरण गरी पठाइएको हो । प्रमाण बुझ्ने क्रममा भएका काम कारवाही यस कार्यालयको अधिकारक्षेत्र भित्रको नभएको हुँदा तथ्यहीन निवेदन खारेज गरिपाऊँ भन्ने कारागार कार्यालय नुवाकोटको लिखित जवाफ ।

५.निवेदकको तर्फबाट कानून व्यावसायीले निवेदकलाई आफू विरुद्ध परेको जवर्जस्ती करणी मुद्दामा साक्षी परीक्षण गर्न, आफू विरुद्ध भइरहेको कारवाही बारे जानकारी पाउने लगायतका पुर्पक्षका सिलसिलामा प्राप्त हुने हकहरू संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूले प्रदान गरेको कुरामा विवाद हुन सक्दैन । निवेदकलाई उल्लिखित हकबाट बञ्चित गरी विना जानकारी निवेदकको अनुपस्थितिमा साक्षी वकपत्र गराएको कार्यले मान्यता पाउन नसक्ने हुँदा त्यस्तो कार्य बदर गर्नका लागि उत्प्रेषणको आदेश जारी हुनुपर्दछ भन्ने र विपक्षी तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताले आवश्यक कानूनी प्रक्रिया गरी काठमाडौं स्थानान्तरण गरिएको हो । निवेदकले प्रमाण परीक्षणको विषयलाई लिएर रिट जारी गरी पाउन मात्र गरेकोमा उक्त मुद्दा नै फैसला भैसकेको छ । सो फैसलाउपर पुनरावेदन गर्न पाउने नै हुँदा रिट जारी हुन नसक्ने भएकोले रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत व्यहोराको बहसनोट ।

**समूह- ३ (फौजदारी)**

## त्रिभुवन विश्वविद्यालय कानून संकाय नेपाल ल क्याम्पस स्नातक तह (२०७५/०७६ समूह) दोस्रो अन्तर्गत Moot Court, Pre-Trial Preparation and Participation in Trial विषयका लागि मस्यौदा तर्फ प्रस्तावित फौजदारी मुद्दाको विवरणः

**प्रमिला मगरको जाहेरीले** नेपाल सरकार ..................................................................वादी

विरूद्ध

उदयपुर जिल्ला, त्रियुगा नगरपालिका वडा नं असारी घर भई हाल कारागार कार्यालय उदयपुरमा १३ . थुनामा रहेका **मोहन घले गुरूङ** ....................................................................प्रतिवादी

**मुद्दाज्यान -: सम्बन्धी कसुर**

१. जिल्ला उदयपुर त्रियुगा नगरपालिका वडा नं.१३ असारी स्थित **मोहन घले गुरूङ**को घरको टाडमाथि **सीता गुरूङ**को पश्चिम टाउको पूर्व खुट्टा भई उत्तानो अवस्थाको लास रहेको, लासदेखि ११ इन्च दूरीमा सनपाटको डोरी सुर्कानो अवस्थामा रहेको, मृतकको दायाँ बायाँ चुरा फुटी यत्रतत्र छरिएको, मृतक सुतेको सुकुलमाथि रगतजस्तो पदार्थ लागी सुकेको, मृतकको दायाँ हातको नाडीमा सानो चोट निलो रातो डाम र रगत जस्तो पदार्थ लागी सुकेको, मृतकको घाँटीको दाहिनेपट्टि गर्धनमा ९ इन्च लामो घुमेको डाम रहेको भन्ने समेत बेहोराको **घटनास्थल लास जाँच मुचुल्का** ।

२. आमा **सीता गुरूङ**को पहिलो श्रीमान् **ज्ञानबहादुर राई**तर्फ हामी दुई सन्तान म जाहेरवाली र भाइ **सन्तोष** राईको जायजन्म भएपछि आमा **सीता**ले हाम्रो बुबालाई छाडी हामीसमेतलाई साथमा लिई मोहन घलेसँग दोस्रो विवाह गरी घर व्यवहार गरी आउने क्रममा म जाहेरवालीको **मोहन घले**कै घरबाट विवाह भई म आफ्नै घर व्यवहार गरी आएकी र **मोहन घले**सँग आमा **सीता** र भाइ **सन्तोष** राई बस्दै आएका थिए । सौतेनी बाबु **मोहन** घले प्रायः मादक पदार्थ सेवन गरी घरमा आई आमालाई कुटपिट गरी मानसिक र शारीरिक यातना दिँदै आउने गरेको आमाले आफूलाई बताउँदै आउनु भएको थियो । यस्तैमा मिति २०७६/०१/०९ गते बेलुकी ८ बजेको समयमा निज सौतेनी बाबु **मोहन** घले के कहाँबाट मादक पदार्थ सेवन गरी घरमा आई आमा **सीता**सँग वादविवाद गरी कुटपिट गरेको र आमाको सोही घरमा अचानक मृत्यु भएको भन्ने थाहा पाई असारी स्थित घरमा आई बुझ्दा निज सौतेनी बाबुले आमालाई कुटपिट गरेको भाइ **सन्तोष**समेतले बताएको र आमाको लास हेर्दा दाहिने हातमा चोट, घाँटीमा डोरीले बाँधेको डाम देखी आमालाई सौतेनी बाबुले नै कुटपिट गरी घाँटीमा डोरीले बाँधी कसी थिची कर्तव्य गरी मारेकोमा शंका लागेको हुँदा यो अपराधको सूचना दिन आएकी छु । प्रतिवादी सौतेनी बाबु **मोहन** घलेलाई पक्राउ गरी कानूनबमोजिम कारबाही र सजाय गरिपाउँ भन्ने बेहोराको **प्रमिला मगरको किटानी जाहेरी दरखास्त ।**

३. शव परीक्षण प्रतिवेदनमा Opinion on Cause of Death Hanging भन्नेसमेत बेहोरा उल्लेख भएको ।

४. मिति २०७६/०१/०९ गते बेलुका अन्दाजी ७ बजेतिर ज्याला मजदुरी काम गरी मादक पदार्थ सेवन गरी घर आउँदा मेरी श्रीमती **सीता** गुरूङले खाना खाउ भन्दा मैले खाना खान्न सुत्छु भनेकाले हामीबिच वादविवाद भई रिसको आवेशमा **सीता** गुरूङलाई हातले गालामा र ढाडमा कुटपिट गरी म आफ्नो कोठामा गई सुती केही समयपछि बिउँझिदा सुत्ने कोठाको धुरीमा **सीता** गुरूङले घाँटीमा डोरीको पासो लगाई झुन्डिई हातखुट्टा छट्पटाई रहेको देखी तत्काल मैले डोरीको पासो खोली **सीता** गुरूङलाई भुइँमा सुताउँदा ढुकढुकी भएकोले धुरीको बलोमा बाँधेको डोरी खोली कुनामा फ्याली छिमेकीलाई हारगुहार गरी आउँदा श्रीमती **सीता** गुरूङको मृत्यु भइसकेको थियो, मैले **सीता** गुरूङलाई कर्तव्य गरी मारेको होइन भन्ने प्रतिवादी **मोहन घलेको बयान** ।

५. मेरो बुबा प्रतिवादी **मोहन घले** सधैँ मादक पदार्थ सेवन गरी आमा **सीता** गुरूङलाई गाली गलौज कुटपिट गर्दै आउनु भएकोमा मिति २०७६/०१/०९ गते बेलुका छिमेकीको घरमा जाग्राममा गएकोमा आमाको मृत्यु भयो भन्ने खबर सुनी आत्तिँदै घरमा आउँदा घरको बुइँगल तलाको भुइँमा उत्तानो अवस्थामा मेरी आमा **सीता** गुरूङको लास देखेको हुँ । आमाले लगाउनु भएको सारी लुङ्गी, घुँडासम्म पुगेको, हातमा लगाएको चुराहरू फुटेको, हातमा चोट लागी रगत आएको, पोते चुँडिएको, घाँटीमा डोरीले बाँधेको जस्तो डाम भएको, सनपाटको डोरी टाउकोनजिक भएको हुँदा निज प्रतिवादी **मोहन घले**ले आमा **सीता** गुरूङलाई घाँटीमा डोरीले कसी कुटपिट गरी कर्तव्य गरी मारेको हुनुपर्छ प्रतिवादीउपर कानूनबमोजिम कारबाही सजाय होस भन्ने **सन्तोष राईको घटना विवरण कागज** ।

६. प्रतिवादी **मोहन घले**ले सधैँ मादक पदार्थ सेवन गरी निजको श्रीमती **सीता** गुरूङसँग निहुँ खोजी गाली गलौज गरी झै-झगडा गर्ने गरेको देखेका हौँ । मिति २०७६/०१/०९ गते बेलुका अन्दाजी ७ बजेतिर प्रतिवादी **मोहन घले** र निजको श्रीमती झै-झगडा गर्दै गरेको सुनेका हौँ । राति ९ बजेतिर **सीता** गुरूङको मृत्यु भयो भन्ने सुनी थाहा पाई निजको घरमा पुग्दा घरको बुइँगलमा उत्तानो अवस्थामा **सीता** गुरूङको लास देखेका हौं । निजले लगाएको साडी घुँडासम्म पुगेको, हातमा लगाएको चुराहरू फुटेको, यत्रतत्र छरिएको, हातमा चोट लागी रगत आएको, घाँटीमा डोरीले बाँधेको जस्तो डाम भएको, सनपाटको डोरी टाउकोनजिक भएको हुँदा निज प्रतिवादी **मोहन घले**ले **सीता** गुरूङलाई कर्तव्य गरी मारेको हुनुपर्छ प्रतिवादीउपर कानूनबमोजिम कारबाही सजाय होस् भन्ने **बुझिएका मानिस लिलादेवी कटुवाल समेतको कागज व्यहोरा** ।

७. प्रतिवादी **मोहन घले गुरूङ**ले आफ्नै श्रीमती **सीता गुरूङ**लाई कर्तव्य गरी मारेकोले निज प्रतिवादी **मोहन घले** गुरूङद्वारा घटित कार्य मुलुकी अपराध संहिता २०७४ को ज्यानसम्बन्धी कसुरको दफा १७७ को उपदफा १ को कसुरजन्य कार्य देखिँदा निज प्रतिवादी **मोहन** घलेलाई सोही ज्यानसम्बन्धी कसुरको १७७ (२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने **अभियोग दाबी** ।

८. मेरो झड्केली छोरी जाहेरवाली **प्रमिला मगर**ले दिएको जाहेरी दरखास्त सुनी पाएँ, २०७४ सालको फागुन महिनामा दिउँसोको समयमा पनि मृतकले झुण्डी मर्न खोज्दा मैले डोरी फुकाली पानी खुवाई गाउँले बोलाएको हो ।

जाहेरवालीको जाहेरी बेहोरा आधा सत्य हो घाँटीमा डोरीले बाँधी कसी मारेको भन्ने बेहोरा झुठा हो । त्यो दिन मभन्दा बढी मृतक नै मातेर बसेको थियो । आफ्नो जन्म दिने आमा मरेको पीडामा आई झुठा जाहेरी दिएको हो । अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको बेहोरा र सहीछाप मेरो हो । म घर बनाउने मजदुरी गर्ने साहुले दिएको थोरै रक्सी खाएर बेलुकी घर गए, बुढी माती बसेकी रहेछ । मलाई खान खान बोलाइन् म खान्न सुत्छु भनी ओछयानमा गएँ । मृतक बुढीले खाना खान आउँ भनी कराएको करायै थिई अनी मैले ढाडमा दुई झापड हानेपछि बसिरहेकी थिई । म सुतेँ एकआधा घण्टापछि आवाज सुनी आँखा खोली हेर्दा झुन्डिएको देखी हतपत डोरी खोली भुइँमा सुताई गाउँलेहरूलाई गुहार मागेको हो । मैले मारी झुन्ड्याएको होइन । म उपरको अभियोग झुठ्ठा हुँदा मलाई सजाय हुनुपर्ने होइन, सफाइ पाउँ भनी प्रतिवादी **मोहन घले गुरूङले सुरू अदालतमा गरेको बयान ।**

९. मृतक सीता गुरूङको मृत्यु प्रतिवादी मोहन घले गुरूङको कारणबाट भएको हो, प्रतिवादी सधैँ रक्सी खाएर आई घरमा झगडा गर्दथ्यो । घटना विवरण कागजको बेहोरा सहीछाप मेरो हो । मृत्यु भइसकेपश्चात् उक्त घटनास्थलमा म पुगेको थिएँ । म प्रत्यक्षदर्शी होइन भनी घटना विवरण कागज गर्ने **सन्तोष राईले सुरू अदालतमा गरेको बकपत्र ।**

१०. सीता गुरूङको मृत्यु आफ्नै कालगतिले भएको हो भनौं भने घाँटीमा डोरीको डाम थियो । प्रतिवादी मोहन घले गुरूङको कारणबाट हो भनौं भने देखेको छैन । मृतक सीता गुरूङको झड्केलोपट्टिको छोरासहित निज प्रतिवादीले सीता गुरूङलाई विवाह गरी ल्याएको थियो । त्यही छोराको कारणले यी मृतक र प्रतिवादीबिच झगडा भइरहन्थ्यो । घटनास्थल मुचुल्काको बेहोरा सहीछाप मेरो हो भनी **घटनास्थल मुचुल्कामा बस्ने राजकुमार कार्कीले** सुरू अदालतमा गरेको बकपत्र ।

११. प्रतिवादी मोहन घले गुरूङ सधैँ जाँड रक्सी सेवन गरी घरमा आई ममी मृतक सीता गुरूङसँग झगडा गर्ने गर्दथ्यो । मृतक सीता गुरूङको मृत्यु प्रतिवादी मोहन घले गुरूङको कारणबाट भएको हो । मेरो ममी मृतकले मृत्यु हुनुपूर्व मलाई घरमा मोहन घले गुरूङले सधैँ झगडा गरिरहन्छ । खान पनि राम्रो पाउँदिन भनेर मलाई भनेको थिइन् । मैले मृतकको लास अस्पतालमा हेर्दा मृतकको घाँटीमा निलडाम, हातमा चोट थियो । जाहेरीको बेहोरा र सहीछाप मेरो हो भनी जाहेरवाला **प्रमिला मगरले सुरू** अदालतमा गरेको बकपत्र ।

१२. झड्केलो छोराको कारणबाट सीता गुरूङ र प्रतिवादीबिच झगडा भइरहन्थ्यो । निज सीताको मृत्यु आफ्नै कालगतिले भएको होइन, प्रतिावादीको कारणबाट भएको हो । वस्तुस्थिति मुचुल्काको बेहोरा सहीछाप मेरो हो । घटना भएपश्चात् हामी गएर निज प्रतिवादीलाई सोध्दा मृतकको हातमा चोट छ, घाँटीमा निलडाम छ के भएर मृत्यु भएको हो भनी सोध्दा निज प्रतिवादी केही नबोली बसेको अवस्थामा हामीलाई शंका लागेर उक्त कुरा लेखाएको हो । साथै घटना हुनुभन्दा अगाडि यी मृतक र प्रतिवादी बाइदै गरेको सुनेको थिएँ भनी वस्तुस्थिति मुचुल्कामा बस्ने **लिलादेवी कटुवालले सुरू अदालतमा गरेको बकपत्र ।**

१३. मृतक र प्रतिवादीबिच बारम्बार झगडा हुने गरेको, प्रतिवादीकै कारणबाट मृतकको मृत्यु हुन गएको हो भनी बुझिएका घटनास्थल मुचुल्काका व्यक्तिहरूले बकपत्र गरिदिएको, मृतकको मृत्यु के कारणले भएको हो भनी प्रतिवादीलाई सोध्दा चुप लागी बसेको घटनास्थल मुचुल्का, किटानी जाहेरी दरखास्त, लास जाँच मुचुल्कासमेत मिसिल संलग्न कागजातहरूबाट प्रतिवादीले मृतक श्रीमती सीता गुरूङलाई कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले अभियोग माग दाबी बमोजिम मुलुकी अपराध संहिता २०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ नं. बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७२ (२) बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई सु**रू उदयपुर जिल्ला अदालतबाट भएको फैसला।**

१४. मृतकको मृत्युको कारण hanging भन्ने उल्लेख भएको लास जाँच प्रतिवेदन रहेको छ । मारेर झुन्डाएको र झुन्डिएको प्रकृति नै फरक हो । मृतक झुन्डी मरेको प्रस्ट हुँदाहुँदै सो कुरालाई विश्लेषण नै गरिएको छैन । अनुसन्धान तथा अदालतमा भएको इन्कारी बयानलाई समर्थन गर्दै गरेको बकपत्रलगायत मिसिल संग्लन अन्य कागजातहरूलाई मूल्याङ्कन नै नगरी अभियोग माग दाबीबमोजिम म प्रतिवादीलाई सजाय हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा सो फैसला बदर गरी अभियोग दाबी खारेज गरी सफाइ हुने ठहर गरिपाउँ भन्ने बेहोराको पुनरावेदक प्रतिवादी **मोहन घले गुरूङको** उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गामा परेको **पुनरावेदन पत्र** ।

# समूह - ३ (दुनियावादी फौजदारी)

## त्रिभुवन विश्वविद्यालय कानून संकाय नेपाल ल क्याम्पस स्नातक तह (२०७५/०७६ समूह) दोस्रो अन्तर्गत Moot Court, Pre-Trial Preparation and Participation in Trial विषयका लागि मस्यौदा तर्फ प्रस्तावित दुनियावादी फौजदारी मुद्दाको विवरण

| बादी | प्रतिवादी |
| --- | --- |
| कृष्ण बहादुरथापाको छारा का.जि.का.म.न.पा. | काजि बहादुर मुस्यानको छोरा |
| वडा नं. २१, वर्ष ३५ को भिम ब. थापा । | भक्तपुर जिल्ल मध्युपुर ठिमी न.पा. वडा नं. १ बस्ने श्याम मुस्यान । |

मुद्दा : चेक अनादर

मुद्दाको तथ्य:

१. विपक्षीले म फिरादिसँग पटक पटक गरी लिएको ऋण वापत भुक्तानी गर्नु पर्ने व्याज समेत हिसाब गरी मिति २०७७/०३/२१ का दिन वैंक नयाँ बानेश्वरको खाता नं. .................. को चेक नं. ................ बाट रू. ५,००,००, ०००।- (पाँच करोड रुपैयाँ) चेक आफै लेखी सही छाप गरी दिएकोमा उक्त चेक नविल बैंक, बानेश्वर शाखामा भुक्तानी लिन जाँदा खातामा प्रयाप्त रकम नभएको जानकारी पाएपछि बैंक मार्फत् उक्त चेक तीन पटक वाउन्स गराई विनिमय अधिकारपत्र ऐन, २०३५ को दफा ६४ र ६५ बमोजिम चेक अनादर भएको प्रमाणित गराई लिएको छु । विपक्षीसँग उक्त चेकको रकम रू. ५,००,००, ०००।- (पाँच करोड रुपैयाँ) र फैसला भई सो को भरि भराउ हुँदा सम्मको व्याज रकम उक्त विनिमय अधिकारपत्र ऐन, २०४३ को दफा २८, ५३, ५४ बमोजिम विपक्षसँग भराई विपक्षीलाई सोही ऐनको दफा १०७ (क) बमोजिम हदैसम्मको दण्ड जरिवाना गराइ पाउँ । यो मुद्दा सोही एनेको दफा १०८ को हदम्याद भित्रै छ भन्ने मिति २०७७/०५/२१ को फिराद पत्र ।

२. मिति २०७७/०५/२० मा प्रतिवादीको नाउमा म्याद तामेली भएको ।

३. विपक्षीको फिराद दावी झुठा हो । विपक्षीसँग फिराद दावी अनुसारको रकम लेनदेन भएको छैन । विपक्षीको भक्तपुर सुर्यविनायक बस्ने राधाकृष्ण घिमिरेको छोरा वर्ष ४५ को कृष्ण मोहन घिमिरेसँगको भक्तपुर जिल्ला अदालतमा चेलेको लेनदेन मुद्दामा निज कृष्ण मोहन घिमिरेको नाउँमा दर्ता रहेको ८-०-१० रोपनी जग्गा रोक्का रहेको थियो । उक्त जग्गा म प्रतिवादीले कृष्ण मोहन घिमिरेसँग खरिद गर्ने सहमती भएपछि सो प्रयोजनको लागि उक्त जग्गाको रोक्का फुकुवा हुन आवश्यक थियो । सो का लागि निज दुवै जना विचको उक्त लेनदेन मुद्दा मिलापत्र गर्न गराउन मैले सहजकर्ताको भूमिका खेलेर निज विपक्ष वादीलाई आफ्नो विगो रकमको प्रत्याभूतिको लागि म प्रतिवादिले गत ०७६ साल चैत्र महिनाको

अन्त्य तिरको कुनै दिन विपक्षकै घरमा बसी सो को जमानी स्वरुप विपक्षी भिमबहादुर थापाको नाउँमा २०७७/०३/१९ को मिति राखी रू. ५,००,००, ०००।- (पाँच करोड रुपैयाँ) को नविल वैंकको Bearer's चेक हस्ताक्षर गरेर दिएको थिए । त्यस पछि बैशाख ४ गतेको दिन भक्तपुर जिल्ला अदालतमा कृष्ण मोहन घिमिरे र विपक्षी बिच उक्त मुद्दा मिलापत्र भयो र सोही दिन मालपोत कार्यालय भक्तपुरमा उक्त जग्गा कृष्ण मोहन घिमिरेबाट मेरा नाउँमा राजीनामाको लिखत पास भएर आयो । सोही दिन म प्रतिवादीले विपक्षीलाई मिलापत्र अनुसार कृष्ण मोहन घिमिरेको तर्फबाट दिनूपर्ने मिलापत्र अनुसारको रकम नविल वैंकको रू. ४,५०,००,०००।- (चार करोड पचास लाख रुपैयाँ) को Good for Payment चेक दिएको थिएँ । उक्त चेक दिँदा पहिले मैंले जमानी स्वरुप दिएको प्रस्तुत दावीको चेक मैले माग गर्दा विपक्षीले पछि दिउँला भनेकोले विश्वास गरी बसेको थिए । उक्त Good for Payment चेक बमोजिमको रकम विपक्षीको आफ्नो खातामा Ban to Bank  हस्तान्तरण भएको प्रमाणित छ । विपक्षीले धरौटी जमानी वापत राखिएको चेक मलाई फिर्ता नदिई धोखा दिएका हुन । विपक्षीसँग मेरो वा मेरो परिवारको कुनै व्यक्तिसँग कुनै लेनदेन, कारोबार वा अन्य कुनै व्यवहार र लेनादेना छैन र थिएन । विपक्षीको कृष्ण मोहन घिमिरेसँगको लेनदेन मुद्दा मिलापत्र गराउन धितो धरौट वापत मुलुकी देवानी संहिता, २०७४ को दफा ५८५ (१) बमोजिम दावीको चेक विपक्षी समक्ष राखेकोले सोही संहिताको दफा ५८६ बमोजिम फिर्ता पाऊँ । साथै विपक्षीसँग कुनै कारोबार नै नभएको अवस्थामा म प्रतिवादीसँग यत्रो ठुलो रकम दावी गर्ने हक दैया नै नभएको विपक्षीले दावीको रकम प्राप्त गरी अनुचित सम्वृद्धि (unjust enrichment) गर्न खोजेकोले सोही संहिताको दफा ६६४ र दफा ६६५ बमोजिम चेक फिर्ता पाउँ, साथै कानून विपरितको उक्त चेक विनिमय अधिकार पत्र ऐन, २०४३ को दफा २६, दफा ३८, दफा ५६ (ग) अनुसार विपक्षीलाई अधिकार नै नभएको चेक फिर्ता पाऊँ र विपक्षीको झुठा दावीबाट फुर्सत पाउँ भनी काजि बहादुर मुस्यानको मिति २०७७/०६/१६ गतेको प्रतिउत्तर पत्र ।

४. दुवै तर्फको साक्षी, यि वादी एवं कृष्ण मोहन घिमिरे बिच चलेको लेनदेन मिलापत्र भएको मुद्दाको मिसिल रेकर्ड शाखाबाट झिाउने र कृष्ण मोहन घिमिरे दिने र यि प्रतिवादी श्याम कुमार मुस्यान लिने भएको राजिनामाको प्रमाणित नक्कल मा.पो.का. भक्तपुरबाट झिाइ पेश गर्नू भनी भएको आदेश ।

५. दुवै पक्षका साक्षीको वकपत्र ।

६. का.जि.अ. रेकर्ड शाखाबाट मिसिल आएको पत्र र मा.पा.का. भक्तपुरबाट पत्रसाथ आएको राजिनामाको लिखत ।

७. दुवै पक्षको लिखित बहस नोट ।

८. का.जि.अ. को फैसला ।

९. उच्च अदालत पाटनमा परेको पुनरावेदन पत्र ।